वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

**मिति २०७८/०५/१२ गतेको ११८ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १.**यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो ।

**निर्णय नं. २.** कोरोना भाइरस (कोभिड १९) का कारणबाट सिटि बसपार्क संचालन नभएको कारण देखाई सो अवधिको भाडा मिनाहाका लागी पि आर कन्सट्रक्सनले यस नगरपालिकामा अनुरोध गरेको सन्दर्भमा मिति २०७८।०२।११ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार स्थानीय प्रशासन द्वारा सुर्खेतमा निषेधाज्ञा जारी गरेको अवधिभर बसपार्कमा व्यवसाय संचालन गर्ने व्यवसायीहरु समेतले पसल कबलको मासिक बहाल नबुझाउने सर्तमा व्यवस्थापकलाई उक्त अवधिको भाडा मिनाहा गरिएकोमा हाल कोरोना संक्रमण कम भई बसपार्क संचालन भई लामो दूरीका सवारी साधन तथा सबै पसल कबल संचालनका आएकोले पि आर कन्सट्रक्सनसँग यस अघि गरिएको सम्झौता अनुसार २०७८ भाद्र १ देखी लागु हुने गरि बसपार्क भाडा रकम असुल गर्ने । साथै सम्झौता बमोजिम अग्रीम ३ महिनाको भाडा लिईएकोमा सो रकम भाडामा मिलान गरी आगामी दिनमा सम्झौता बमोजिम महिना समाप्त भए पश्चात नगरपालिकालाई बुझाउने गरि उक्त प्रा ली को धरौटि रकम बाट अग्रिम ३ महिनाको भाडा रकम असुल गर्ने ।

**निर्णय नं. ३.**यस नगरपालिकाका वडा न १ देखी १२ सम्म सार्वजनिक निजि साझेदारी अवधारणामा फोहरमैला व्यवस्थापन गर्नका लागि नगरपालिकाको वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन ऐन २०७७ बमोजिम मिति २०७८।०५।०८ गते देहायका फर्म सँग देहायको क्लष्टरहरुका लागि गरिएको सम्झौता तथा सम्झौताका सर्तहरुबारे बैठकमा जानकारी गर्नुका साथै सेवा शर्तहरु समेत अनुमोदन गरियो ।

देहाय

| क्र स | क्लष्टर | वडा न | फर्म | कै |
|---|---|---|---|---|
| १ | १ | १ देखि ४ | द ग्रिन सिटि सेनिटेशन सेवा नेपाल | |
| २ | २ | ५ देखि ८ | क्लिन नेपाल JV | |
| ३ | ३ | ९ देखि १२ | क्लिन नेपाल JV | |

**निर्णय नं. ४.** (क) वीरेन्द्रनगर नगरपालिकाका घण्टाघर पार्क, शहिद पार्क, काँक्रिबिहार क्षेत्र र पाताल दरबार क्षेत्रहरुलाई पर्यटकीय तथा दर्शनीय स्थलको रुपमा संरक्षण तथा संवर्धन गर्नका लागि पर्यटकीय तथा दर्शनीय स्थल व्यवस्थापन कार्य सूचि २०७८ बैठकमा पेश भई दफावार छलफल गरियो । बैठकमा प्राप्त राय सुझावहरुलाई समावेश गर्दै कार्यसूचि स्वीकृत गरियो । सो कार्यसूचीको अधिनमा रही कार्यालयले ठेक्का व्यवस्थापन गर्ने ।

(ख) यसै सन्दर्भमा डिभिजन वन कार्यालय सुर्खेतबाट पात्र काँक्रिबिहार संरक्षित वन क्षेत्र व्यवस्थापन कार्ययोजना (२०७३।०७४-२०८३।०८४) को सम्बन्धमा सो कार्यविधिको प्रमाणिकरण तथा कार्ययोजना हाल सम्म कार्यान्वयनमा भए नभएको विषयमा अन्योलता देखिनुका साथै कार्ययोजनामा वन परिषद् गठन सम्बन्धी भएको प्रावधानमा कतिपय प्रावधान र संरचना समेत पुरानो भई कसको नेतृत्वमा कसले परिषद् गठन गर्नुपर्ने हो सो विषय समेत स्पष्ट नभएकाले काँक्रिबिहार संरक्षित वन क्षेत्रको संरक्षण सम्वर्द्धन र विकासका लागि अन्यौला देखिएकाले परिषद गठन तर्फ आवश्यक पहल गरिदिनका लागि कर्णाली प्रदेश सरकार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमा पत्राचार गर्ने ।

**निर्णय नं.५.**वीरेन्द्रनगर नगरपालिकाको स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ बमोजिम कर्मचारी स्तर वृद्धिका लागि मिति २०७८।०३।२२ गते जारी सूचना अनुसार तोकिएको अवधिभित्र दरखास्त पेश गर्ने कर्मचारीहरुको सोही ऐनको दफा (३२) बमोजिमको बढुवा तथा स्तर वृद्धि समितिको मिति २०७८।०४।०६ गतेको सिफारिस बमोजिम मापदण्ड पूरा भई यस अघि मिति २०७८।०४।१५ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार विभिन्न तहका कुल ४१ जना कर्मचारीहरुको मिति २०७८।०४।१५ गते देखी लागू हुने गरी स्थानीय सेवा ऐन (प्रथम संशोधन),२०७७ दफा (३१) बमोजिम स्तर वृद्धि गरिएकोमा देहायका कर्मचारीहरुले स्तर वृद्धि नलिने भनी निवेदन दिएकाले निजहरुको स्तर वृद्धि रद्ध गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र.स | कर्मचारीको नाम थर | साविकको पद, तह | स्तरवृद्धि भएको पद, तह | स्तर वृद्धि रद्ध भए पश्चातको पद, तह |
|---|---|---|---|---|
| १ | खगिसरा घिमिरे | सहायक, सहायक पाचौं | अधिकृत, अधिकृत स्तर छैठौं | सहायक, सहायक पाचौं |
| २ | उत्तम अधिकारी | सहायक, सहायक चौथो | सहायक,सहायक स्तरपाचौं | सहायक, सहायक चौथो |

Scanned with CamScanner

वीरेन्द्रनगर नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत

**मिति २०७८/०५/१२ गतेको ११८ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. ६.**(क)विश्वव्यापी रुपमा फैलिएको कोरोना संक्रमणको समय र अन्य समयमा समेत प्रयोगमा आउने गरि स्थापना भएको अक्सिजन प्लान्टको व्यवस्थापन पक्षलाई सुदृढ बनाउनका लागि नीजि क्षेत्रबाट संचालन व्यवस्थापन गर्ने गरि एक कार्यविधिको मस्यौदा तयार आगामी बैठकमा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

(ख)वीरेन्द्रनगर क्षेत्र भित्र रहेका पानिका मुहानहरुको संरक्षण गर्दै सो को दिगो उपयोगका लागि मुहान दर्ता कार्यविधिको मस्यौदा तयार आगामी बैठकमा पेश गर्न वातावरण समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको च .न १५६ र १५७ मिति २०७८।०४।२५ गतेको पत्र बैठकमा जानकारी गरियो । यस सम्बन्धमा नगरपालिकामा कर्मचारी करार तथा म्याद थप गर्ने,कर्मचारीहरुलाई प्रोत्साहन लगायतका सुविधा प्रदान गर्ने तथा विभिन्न विकास निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरुको संचालनका क्रममा हुने अनियमितता कम गर्नका लागि स्थानिय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०७३, आर्थिक कार्यविधि ऐन २०६३ तथा तत् नियमावली लगायत प्रचलित कानूनको प्रतिकुल नहुने गरि निश्चित कानूनी विधि तथा मापदण्डका तयार गरि आगामी दिनमा तत् विषय क्षेत्रका सम्बन्धमा देखिएको अनियमिततालाई कम गर्न सम्मानित आयोगको कार्यालयबाट लेखि आएको सुझाव स्वीकार गरि आगामी दिनमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner